# गुर्भाकोट नगरपालिकाको आवासिय छात्रवास सञ्चालन सम्बन्धि कार्यविधि०७९

स्वीकृति मितिः२०७९/१२/३०

## परिच्छेद एक

## प्रारम्भ

**१ संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम **गुर्भाकोट नगरपालिकाको आवासिय छात्रवास सञ्चालन सम्बन्धि कार्यविधि ,२०७९** रहेको छ ।

२. यो कार्यविधि नगरकार्यापालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

३. यो कार्यविधि गुर्भाकोट नगरपालिकाका सम्पूंण विद्यालयमा मात्र लागु हुनेछ ।

**२ परिभाषाः**विषय र प्रसङ्गले अर्को अर्थ नलागेसम्म यस कार्यविधिमा

१ नगरपालिका भन्नाले गुर्भाकोट नगरपालिका सम्झनुपर्छ ।

२ विद्यालय भन्नाले यस गुर्भाकोट नगरपालिकामा सञ्चालन भएका वा यस नगरपालिकाबाट स्विकृत भएका सामुदायिक तथा सस्थागत विद्यालय सम्झनु पर्दछ ।

३ छात्रवृति भन्नाले यस कार्यविधिले तोकेको आधारमा छनोट भएका विद्यार्थिहरुले निशुल्क रुपमा अध्ययन गर्नको लागि उपलब्ध गराएको सुविधालाई सम्झनुपर्दछ ।

४ छात्रावास व्वस्थापन समिति भन्नाले तोकिएको विद्यालयमा छात्रवास सञ्चालन तथा व्यवस्थापन गर्नको लागि गठित समितिलाई बुझिनेछ ।

५ तोकिएको विद्यालय भन्नाले छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिले निर्णय गरिएको विद्यालय सम्झनुपर्दछ ।

६ समिति भन्नाले छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिलाई जनाउदछ ।

## परिच्छेद ३ आवासिय छात्रावासको अवधारणा र उद्देश्य

**३.अवधारणा**

विद्यालय तहको शिक्षामा समन्यायिक पहूच र समता कायम गरि गुणस्तरिय शिक्षा प्रदान गर्न ,यस गुर्भाकोट नगरपालिका भित्र रहेका अनाथ तथा जोखिमयुक्त बालवालिकाहरुलाई शिक्षामा आवासिय छात्रावासको रुपमा

अध्ययन गर्ने अवसर प्रदान गर्न साथै समावेशी  र सहभागितामुलक शिक्षा पद्दतिलाई सारभुत रुपमा सफल कार्यान्यिन गर्नको लागी आवासिय छात्रावासको आवश्यकता अपरिहार्य भएको छ ।

**४ उद्देश्यः**

१. अनाथ तथा जोखिमयुक्त विद्यार्थिहरुलाई  निशुल्क आवासिय छात्रामा अध्ययनमा प्रोत्साहित गर्ने ।

२. समानता र समतामा आधारित समावेशि शिक्षालाई कार्यान्यिन गर्न ।

३. संविधानको सफल कार्यान्वयन गर्दै सरकारको सोच र दृष्टिकोणलाई कार्यान्यिन गर्न ।

## परिच्छेद ४

## छात्रावास सञ्चालन तथा व्यवस्थापन समिति

५. १ छात्रावास सञ्चालन तथा व्यवस्थापनको लागि देहायबमोजिमको छात्रावास व्यवस्थापन समिति हुनेछ ।

| | |
|---|---|
| क नगर प्रमुख | अध्यक्ष |
| ख नगर उपप्रमुख | सदस्य |
| ग प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| घ सामाजिक विकास समितको संयोजक | सदस्य |
| ङ सम्बन्धित वडाको वडाअध्यक्ष | सदस्य |
| च सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष | सदस्य |
| छ महिलाबालबालिका शाखा/सामाजिक विकास शाखाको प्रमुख | सदस्य सचिव |

२ आवश्यकता अनुसार विज्ञ तथा सम्बन्धित विद्यालयको प्रधानाध्यापकलाई आमन्त्रण गर्न सकिनेछ ।

३ अध्यक्षले आफ्नो अधिकार समितिका कुनै सदस्यलाई प्रत्योजन गर्न सक्नेछ ।

४ आवश्यताअनुसार विभिन्न कार्यको कार्यप्रकृतिका आधारमा उपसमिति गठन गरि जिम्मेवारि तोक्न सक्नेछ ।छात्रावासको दैनिक रेखदेख सञ्चानल व्यवस्थापन को लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिलाई जिम्मवारी बनाउने छ ।

**६ छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य अधिकार**

छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार  देहायबमोजिम हुनेछ ।

१. छात्रावास सञ्चालन तथा व्यवस्थापन सम्बन्धि निति योजना तर्जुमा र कार्यान्यिन गर्ने

२. छात्रावास सञ्चालनको लागि श्रोत जुटाउन सरकारी तथा अन्य संघ/सस्था/व्याक्ति संग समन्वयन गर्ने ।

३. छात्रावासमा आवश्यकक पर्ने भौतिक मानविय तथा अन्य श्रोत साधनको प्रवन्ध गर्ने ।

४. छात्रावासमा रहने बालबालिकाको संख्या एकिन गरि छनोट गरि सम्बन्धित विद्यालयमा सिफारिस गर्ने ।

५. छात्रावास सञ्चालन गर्ने संस्था तथा कर्मचारीहरुको क्षमता अभिवृद्दिका निमित्त तालिम गोष्ठि जस्ता कार्यको योजना बनाई कार्याव्यिन गर्ने ।

६. छात्रावासमा बस्ने विद्यार्थिको अभिलेख तथा चुस्तदुरुस्त राख्ने लगाउने ।

७. खानाको गुणस्तर तथा आवासको परिक्षण गर्ने गराउने ।

**७ छात्रावास सञ्चालन सम्बन्धि  विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार**

१. दफा ५ को उपदफा ४ बमोजिकको अधिकार भित्र रहि विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य अधिकार देहायबमोजिक हुने ।

२. छात्रावासको नियमित सञ्चालन गर्नका लागि भौतिक शैक्षिक मनोसमाजिक सहयोग गर्ने ।

३. छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिको निर्देशन लाई सदैव पालना गरि समितिलाई थय राय सुझाव दिने ।

४. खानाको गुणस्तर तथा आवासको परिक्षण गर्ने गराउने ।

५. विद्यार्थिको गुनासो सुन्ने सोको आधारमा उपयुक्त ठहरिएमा बुदाको कार्यान्वयन गर्ने र छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिलाई लाई जानकारी पठाउने ।

**८ छात्रावास सञ्चालनको लागि श्रोत व्यवस्थापन**

१. छात्रवृति सञ्चालनको लागि एक स्थायि कोष हुनेछ जसमा देहायका शिर्षक अन्तर्गतका रकम जम्मा गरिनेछ ।

क. संघीय र प्रदेश सरकारबाट प्राप्त हुनेछ ।

ख.नगरपालिकाबाट विनियोजित बजेट

ग.नगरसभाले तोकेका अन्य कर र दस्तुर

घ. सेवाभावले गैरसरकारी तथा अन्य संघ संस्थाबाटप्राप्त सहयोग

ङ.समुदाय वा समुदायभन्दा बाहिरका व्याक्तिबाट अक्षयकोष दान उपहार र सहयोग

च. विद्यालयको आन्तरिक श्रोत

छ. अभिभावकको सहयोग शुल्क

२. छात्रावास सञ्चालन तथा व्यवस्थापन प्रयोजनका लागि प्राप्त रकम छुट्टै बैक खातामा जम्मा गरिनेछ र सो रकम छात्रावास व्यवस्थापन लागि मात्र खर्च गरिने छ ।नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखबाट खाता सञ्चालन गरिने छ ।

**९ बालबालिका छनोट मापदण्डः**

१. छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिले आवासिय विद्यार्थिको कोटा निर्धारण गरि तदनुरुप आवेदनको लागि १५ दिन म्याद राखि सूचना प्रकाशन गर्ने ।

२. उपदफा १ बमोजिम प्रकाशित सूचना अनुसार संकलित आवेदन भित्र यस नगरपालिकाको निम्म जोखिम तथा अनाथ वालवालिकाहरुलाई छनोट गरिने छ ।

क आमा बाबु दुवैको मृत्य भएको,कोही पनि आफन्त नभई अरुको शरणमा बसेका बालबालिका

ख आमा बाबु दुवैको मृत्यु भई आफै घरमुलि भएका बालबालिका

ग आमा बाबु दुवकै मृत्यु भई आफन्तको रेखदेखमा रहेका बालबालिका

घ आमा बाबु दुबै मानसिक रोगि बेपत्ता पूर्ण अपाङ्ग भई उनिहरुबाट उचित संरक्षण पाउन नसकेका बालबालिका ।

ङ आमा वा वावु कुनै एकको मृत्यु ,वेपत्ता,दोश्रो विवाह गरि टाढा बसेका बौद्दिक तथा इन्द्रिय सम्बन्धि दिर्धकालिन अशक्तता भएका बावुको पहिचान नभएक वा पुर्ण अपाङ्ग भई एकल अभिभावक संग बसिरहेका बालबालिका ।

च आमा वा बावु भएपनि कोहि आफ्नो सम्पति नभएको (गरिव), स्याहार सुसार गर्ने परिवारको सदस्य वा संरक्षक नभएको (बेसाहारा)

३. निर्धारित कोटा भन्दा संकलित आवेदन धेरै हुन गएमा उपदफा २ को (ङ) र (च) को हकमा प्रतिस्पर्धात्मक विधि मार्फत छनोट गरिने छ ।

**परिच्छेद ५**

**१० कर्मचारी व्यवस्थापन**

१. छात्रावास दैनिक सञ्चालन गर्न देहायनुसारको कर्मचारीको व्यवस्थापन गरिने छ ।

१ छात्रावास वार्डेन १ जना

२ चौकिदार २ जना

३ कार्यालय सहयोगि २ जना

४ भान्से २ जना

**११ छात्रावास वार्डेन**

१. विद्यालयमा कार्यरत उक जना शिक्षकलाई र छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा एक जना वार्डेन को व्यवस्था गरिनेछ ।समितिले छात्रावास वार्डेनलाई सूविधा तोक्ने छ ।

२. छात्रावासमा वार्डेन काम कर्तव्य अधिकार देहायबमोजिमको हुनेछ ।

- छात्रावासको रेखदेख गर्ने ।
- छात्रावासमा विद्यार्थिहरुको रेखलेख हेरचाहा र निर्देशन गर्ने
- छात्रावासमा विद्यार्थिहरुको स्वास्थ्य हेरचाहा गर्ने प्राथकिम उपचार गर्ने र जटिल अवस्थाको विरामि परेमा निजको अभिभावकलाई जानकारी गराउने ।
- छात्रावास सम्बन्धि व्यवस्थापकिय पक्षमा विद्यालय व्यवस्थापन समिति र छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिलाई प्रतिवेदन गर्ने ।

**१२ चौकिदार**

- चौकिदारको नियुक्ति पारिश्रमिक लगायत कार्यविवरण छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिलाई निर्धारण गरे बमोजिम हुने छ।
- चौकिदार समिति,वार्डेन प्रति उत्तरदायि हुनुपर्ने छ ।चौकिदारले सट्टा विदा (आलोपालो) स्विकृत गरि १२ घण्टाका दरले २४ घण्टा रेखदेख र सुरक्षा गर्नुपर्ने छ ।

**१३ कार्यालय सहयोगि**

- कार्यालय सहयोगिको नियुक्ति पारिश्रमिक लगायत कार्यविवरण छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिलाई निर्धारण गरे बमोजिम हुने छ।
- कार्यालय सहयोगिले छात्रावासको सरसफाई हेरचाहा र सुरक्षा गर्नुपर्ने छ ।

**१४ भान्से**

- भान्सेको नियुक्ति पारिश्रमिक लगायत कार्यविवरण छात्रावास सञ्चालन तथा व्यवस्थापन समितिलाई निर्धारण गरे बमोजिम हुने छ।

## परिच्छेद ६
## आवासिय विद्यार्थिले पाउने सूविधा

**१५ आवासिय विद्यार्थिले पाउने सूविधा**

१. आवासिय विद्यार्थिहले देहायबमोजिकको सूविधा पाउने छन

क दैनिक खाना तथा खाजा ।

ख बेड विस्तारा, बस्ने कोठा र लत्ताकपाडा ।

ग विरामि भएमा सामान्य उपचार तर दिर्धकालिन रोग र ठुलो रोग लागेमा सम्बन्धित निकायमा पहल तथा सिफारिस गर्ने ।

घ माध्यमित तहसम्म निशुल्क तथा अनिवार्य शिक्षा । अतिरिक्त कुनै पनि शुल्क लाग्ने छैन ।तर विद्यार्थिकका अभिभावक तथा संरक्षकले स्वैछिक सहयोग गर्न बाधा पुगेको मानिने छैन ।

**१६ विविधः**

१. निम्न अवस्थामा विद्यार्थि हटाइनेछ ।

- छात्रवृति प्राप्त गर्न गलत वा झुठा विवरण पेश गरेको प्रमाणित भएमा ।
- कानूनले वर्जित हुने जुनसुकै कार्य गरेमा ।
- विना जानकारी लगातार ६० दिन गयल भएमा ।
- आचारसहिंता पालना नगरेमा वा अनुशासनहिन कार्य गरेमा ।

## परिच्छेद ७
## विद्यालयको छनोट र छात्रावास सञ्चालनको लागी न्यूनतम शर्त

**१७ विद्यालयको छनोटः**

१ आवासिय विद्यालयको छनोटको आवासिय छात्रवास सञ्चालन तथा व्यवस्थापन समिति वा नगर कार्यपालिकाले गर्नेछ। सम्बन्धित विद्यालयले आवासिय छात्रवास सञ्चालन सम्बन्धित विनियम अनिवार्य रुपमा सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिबाट स्वीकृति गराई समितिमा पेश गर्नु पर्ने हुन्छ ।

२ उपदफा १ बमोजिक निर्माण गरिने विनियममा देहायका विषय क्षेत्रहरु समेटिनुपर्दछ ।

क प्रस्तावना

ख भौतिक सूविधा

ग आवासिय छात्रवास प्रयोग रणनीति

घ शिक्षक विद्यार्थि आचारसंहिता

ङ विद्यार्थि सहयोगःखाना खाजा सामाग्रि तथा अन्य व्यवस्था

च वार्डेन तथा अन्य कर्मचारीहरुको सेवा शर्त

छ शैक्षिक शुसासन

ज आर्थिक कार्य प्रणाली

झ सामाजिक परिक्षण

ञ गुनासो व्यवस्थापन

३ उपदफा १ बमोजिकको सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका आवेदनहरुलाई दफा १८ बमोजिकका सूचकहरु अनुसार समितिले छनोट गर्नेछ ।एक मात्र आवेदन परेता पनि काम कार्वाहि अगाडी बढाइने छ ।

<u>१८ छात्रावास सञ्चालनको लागि न्यूनतम सर्त</u>ः

छात्रावास सञ्चाचन गर्ने विद्यालयले देहाय बमोजिमका न्यूनतम सर्त पुरा गरेका हुनुपर्ने छ ।

<u>क छात्रावासको स्थान</u>ः

१ छात्रावासमा सुरक्षाको राम्रो प्रवन्ध हुनुपर्दछ ।

२ छात्रवासमा विपत तथा वातावरणिय व्यवस्थापन लाई ध्यान दिएको हुनुपर्ने ।

३ छात्रावास सडक सुविधा भएको स्थानमा हुनुपर्ने ।

<u>ख छात्रावास परिसरमा सुरक्षाको प्रवन्ध</u>ः

१ छात्रावासमा सुरक्षित घेरवारको व्यवस्था भएको हुनुपर्ने ।

२विद्यालय छात्रावास वरपर बत्तीको व्यवस्था भएको हुनुपर्ने ।

<u>ग शिक्षण भवन र छात्रावास भवन</u>ः

१विद्यालयले शिक्षणका लागि छुट्टै भवन र छात्रावासमा छात्रछात्राको लागि छुट्टाछुट्टै भवनको व्यवस्था गर्नुपर्ने छ ।

२ भवन तथा ढोकाहरुको साइज ६.५ फिट र चौडाई ३.५ फिटको हुनुपर्ने छ ।

३ विद्यालयले आवासिय कोठाहरुको ढोका झ्याल दराज आदीमा अपाङ्गमैत्री साथै सबै बालबालिकाको सहज पहुच हुनुपर्दछ ।

<u>घ बसाइ व्यवस्थापन</u>ः

१शैक्षणिक कार्यको अतिरिक्त आवासमा विद्यालयले कोठाभित्र टेवल कुर्सि र्याक दराज विद्यार्थिका लागि छुट्टाछुट्टै पलङ डस्ना तकिया मौसमअनुसारको सिरक र झुलको व्यवस्था गरिएको हुनपर्दछ ।

<u>ङ शौचालय र सरसफाई</u>

१ विद्यालयले शैक्षणिक भवन तथा आवासक लागि छात्रावासको छुट्टाछुट्टै शौचालय को व्यवस्था गरिनुपर्दछ ।

२ विद्यालय र आवासको शौचालयमा सरसफाई र पानीको प्रवन्ध गरिएको हुनुपर्दछ ।साथै छात्राहरुलाई स्यानिटारी प्याडको पनि प्रवन्ध हुनुपर्दछ ।

**<u>च छात्रावासमा सन्तुलित खानाको व्यवस्थाः</u>**

१ छात्रावासमा दैनिक न्यूनतम २२२० क्यालोरीको पर्नेगरी साप्ताहिक रुपमा खाना र खाजाको तालिका बनाएर तयार गरी डाईनिङ टेवलमा टाँस गर्नुपर्ने देखिन्छ ।

२ हप्तामा कम्तिमा एकपटक माछामासुको व्यवस्था गर्नुपर्ने देखिन्छ ।माछामासु नखाने का लागि मौसमअनुसारको फलफुलको व्यवस्था हुनपर्ने छ ।

३छात्रावासमा अभिभावकले ल्याएकोभन्दा अरु कसैले ल्याएको वा कुनै प्रयोजनले पकाएको खाना लैजान नदिने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

**<u>च छात्रावासमा विद्यार्थिको सुरक्षा</u>**

१ अनिवार्य रुपमा चौकिदारको व्यवस्था भएको हुनुपर्ने छ ।

२ विद्यार्थिहरुलाई लामो बिदाको समयमा बाबु आमा र अभिभावक वा संरक्षक लिन नआएमा उनिहरुलाई त्यस अवधिमा त्यही बस्ने व्यवस्था मिलाउनुपर्दछ ।सकेसम्म लामो अवधिमा घर नाम प्रोत्साहित गर्नुपर्ने हुन्छ ।

३ प्राकृतिक प्रकोप तथा मानवनिर्मित संकटबाट सिर्जित विपद बाट बालबालिकाको सुरक्षाका लागि पूर्व तयारीको उचित प्रवन्ध गर्नुपर्दछ ।

४विद्यार्थिहरुलाई छात्रावासबाटबाहिर लैजान वा भेटघाट गर्न आउने सबै व्याक्तिका बारेमा आगन्तुक पुस्तिकामा अभिलेख राख्नुपर्दछ ।

५ छात्रावास मा बावु आमा वा अभिभावक तथा संरक्षक भेट्न आँउदा तोकिएकव तालिकाअनुसार भेटघाट गर्ने व्यवस्था गर्नुपर्ने छ ।

**<u>छ बाल संरक्षण</u>**

१शारिरिक तथा मानसिक र भावनात्मक हिंसा तथा दुर्व्यहारबाट संरक्षणको प्रवन्ध गर्नुपर्न छ ।

२ छात्रावासमा कुनै पनि प्रकारको हातहतियार ल्याउन निषेध गर्नुपर्ने हुन्छ ।

३ शारिरिक सजाय निषेध गरिएको छ ।अनुशासन पालना गर्न र नियम पालना गराउन सकरात्मक उपाय अपनाउनु पर्ने छ ।

**<u>ज आचारसंहिताः</u>**

१ अनिवार्य रुपमा बालसंरक्षण निति आचारसंहिता उजुरी तथा सुनुवाईको प्रक्रिया तर्जुमा गरि लागु गर्नुपर्ने छ ।उक्त नीतिबारे छात्रावासमा अभिमुखिकरण गर्नुपर्न हुन्छ ।

२ छात्रावासमा वार्डेन कर्मचारीहरु तथा विद्यार्थिका लागि उनीहरुको सहभागितामा छुट्टाछुट्टै आचारसंहिता तयार गरी सबैले देख्ने गरि टाँस गर्नुपर्ने हुन्छ ।

३ विद्यार्थिहरुलाई इन्टरनेट अनलाईनबाट हुनसक्ने दुर्वयवहारबाट सुरक्षित रहन सचेत गराउनुपर्ने छ ।

**<u>झ खेलकुद अतिरिक्त क्रियाकला र मनोरञ्जनः</u>**

१ छात्रावासमा खेलकुद र मनोरञ्जनको सामाग्रिहरुको व्यवस्था हुनुपर्नेछ ।साथै बिद्यार्थिहरुलाई छात्रावास बाहिर हुने खेलकुद साहित्यिक साङगितिक लगायतका सिर्जनात्मक क्रियाकलापहरुमा भाग लिन प्रोत्साहित गर्नुपर्ने देखिन्छ ।

**<u>ञ स्वास्थ्य तथा स्वास्थ्योपचारको व्यवस्थाः</u>**

१छात्रावासमा प्राथमिक उपचारको व्यवस्था गर्नुपर्ने छ ।प्राथमिक उपचार बाकसको व्यवस्था गर्नुपर्ने छ ।

२ छात्रावासमा विद्यार्थि विरामी पर्दा आराम कक्षको व्यवस्था गर्नुपर्ने हुन्छ ।

३ कम्तिमा महिनाको एकपटक विद्यार्थिकहरुको स्वास्थ्य परिक्षण गर्ने व्यवस्था गर्नुपर्ने हुन्छ ।

४ प्रत्येक बालबालिकालाई आधारभुत खोप सेवाको सूनिश्चता गर्नुपर्ने छ ।

५प्रत्येक बालबालिकालाई व्याक्तिगत सरसफाईको सुनिश्चतता गर्नुपर्ने छ ।जस्तै टुथ ब्रस मन्जन साबुन टावेल लगायत ।

**<u>ट पुस्तकालय</u>**

१ वाचनालय सहितको पुस्तकालयको छुट्टै व्यवस्था मिलाइएको हुन्छ ।पुस्तकालयमा पाठ्यपुस्तक मनोरञ्जन सामाग्री सन्दर्भ सामाग्री नैतिक तथा आध्यात्मिक पुस्तकहरु सङग्रहित भएको हुनपर्दछ ।

## अनुसूची १

## छात्रावास सुविधाको लागि विद्यार्थीले दिने आवेदनको ढाँचा

मिति :

श्री गुर्भाकोट नगरपालिकाको कार्यालय, सुर्खेत

**विषयः आवसिय छात्रावास सुविधा सम्वन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यलयबाट प्रदान गरिने छात्रावास सुविधाका लागि देहायका विवरण राखि निवेदन पेश गरेको छु ।

(१) निवेदकको नाम थर :

२ बालबालीकाको हालको बसोवास गर्दै आएको ठेगाना : क) प्रदेश    ख) जिल्ला

ग) नगरपालिका/गाउँपालिका    घ) वडा नं.

(३) अभिभावकको /सरक्षकको नाम,थर

क) बावुको नाम,थर    ख) पेशा

ग) आमाको नाम, थर    घ) पेशा

(४) अभिभावकको योग्यता

क) वावु    ख) आमा

(५) अभिभावकको सम्पर्क नं :

(६) छात्रवृत्तिका लागि आवेदन दिने कक्षा

(७) अघिल्लो कक्षाको नतिजा प्राप्तांक

(८) एकाघरको संगोलको परिवारका सदस्यको कुनै नोकरी भए/नभएको

(९) गरिवीको परिचयपत्र भए/नभएको

(१०) घरपरिवारको नाममा रहेको जग्गाको विवरण

(११) माथी लेखिएका व्यहोरा ठिक छन झुट्टा ठहरिएमा कानुन अनुसार सहुँला बुझाउँला साथै यसमा म निजको

अभिभावक बुवा/आमा/............... को मञ्जुरीनामा/सहमती छ ।

(३) अभिभावकको /सरक्षकको नाम र थर

हस्ताक्षर :

माथी उल्लेखित विवरणहरु ठिक छन् ।झुट्टा ठहरिएमा कानुन अनुसार हुन मन्जुरी छु ।